Regd. Pra.Li106404/069/70

PAN No.: 600844466

# खानी ख़ोला हाईड्रोपावर कम्पनी लिमिटेड
# KHANI KHOLA HYDROPOWER COMPANY LTD.
187 Shrre Gorakhanath Marg, Dhumbarahi, Kathmandu - 4

Ref No.: KKHP/AC/051/2082/83

मिति: २०८२ पौष ०९

**श्री नेपाल धितोपत्र बोर्ड**
**सातदोबाटो, ललितपुर ।**

**विषय : बार्षिक साधारण सभा बस्ने सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस कम्पनीको मिति २०८२/०९/०९ गते दिउँसो ०३:३० वजे बसेको संचालक समितिको १०४औं बैठकले निर्णय गरे बमोजिम मिति २०८२ पौष ३० गतेको दिन निम्न विषयहरुमा निर्णय गर्नको लागि कम्पनीको तेह्रौं बार्षिक साधारण सभा बस्ने जानकारीको लागि अनुरोध छ । साथै सो वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२/०९/२१ गते १ दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने पनि जानकारी गराईन्छ ।

**(क) सामान्य प्रस्तावहरु :**

१) आ.व. २०८१/८२ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने बारे ।

२) आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाव पारित गर्ने बारे ।

३) आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

४) विविध ।

सहयोगको लागि धन्यवाद ।

भवदिय,

(सन्तोष कुमार भट्टराई)
**कम्पनी सचिव**

**बोधार्थ :**
**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवार, काठमाडौं ।**
**श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।**
**श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाडौं ।**
**श्री प्रभु क्यापिटल लिमिटेड , कमलादि, काठमाडौं ।**

P.O. Box: 8975 EPC 5602, Tel: +977-1-4417947/4436325, Fax: +977-1-4433610; E-mail: khanikhola.hpc@gmail.com

कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)

**खानी खोला हाईड्रोपावर कम्पनी लिमिटेड**

का.म.न.पा. वडा न ०४, विशालनगर, काठमाण्डौ

फोन नं. : ०१-४५३६३२५ फ्याक्स नं. : ०१-४५३३६१०

Email: khanikhola.hpcl@gmail.com

को

# तेह्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०९/१०**

यस कम्पनीको मिति २०८२/०९/०९ मा बसेको सञ्चालक समितिको १०४ औं बैठकले गरेको निर्णय अनुसार कम्पनीको तेह्रौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## वार्षिक साधारण सभा हुने मिति, समय र स्थान

**मिति : २०८२ पौष ३० गते, बुधबार (14 January 2026, Wednesday)**
**स्थान : धुम्र बाराह भेन्यु, धुम्बराहि ।**
**समय : बिहान ११:०० बजे देखि ।**

## छलफलका विषयहरु :

**(क) सामान्य प्रस्तावहरु :**

१) आ.व. २०८१/८२ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने बारे ।

२) आ.व.२०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाव पारित गर्ने बारे ।

३) आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

**(ख) विविध ।**

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२/०९/२१ (तदनुसार २०२६/०१/०५) गते १ दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०८२/०९/२० (तदनुसार २०२६/०१/०४) गते सम्म कारोवार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य रहनेछन् ।

२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण तथा हितग्राही खाता खोली शेयर अभौतिकरण गरीएको विवरण देखिने **Demat Account Statement** वा शेयर प्रमाण पत्र साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभा कक्षभित्र प्रवेश गर्न पाइने छैन ।

३. शेयरधनी महानुभावहरुको उपस्थितिका लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला रहनेछ ।

४. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्राक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०८२/०९/२८ गते विहान ११ बजे भित्र कम्पनीको केन्द्रीय कार्यालय, धुम्बाराहि-४ वा कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन ।

५. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरीएको अवस्थामा शेयर दर्ता लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरीएको एक व्यक्तिले कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।

६. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । तर त्यसलाई पारित गर्नुपर्ने प्रस्तावको रुपमा राखिने छैन ।

७. शान्ति सुरक्षाको दृष्टिकोणले साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगाएत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला र शरीर जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

८. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय, धुम्बाराहि -४ वा कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**नोट** :साधारण सभा सम्वन्धी सूचना र थप जानकारी यस कम्पनीको सूचना पाँटीमा समेत टाँस गरीने ब्यहोरा जानकारी गराउँदै साधारण सभामा उपस्थित भईदिनु हुन पनि हार्दिक अनुरोध गर्दछु ।